पोखरा विश्वविद्यालयको उन्नाइसौँ दीक्षान्त समारोहमा अध्यक्षता गरिरहनु भएका सहकुलपति माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक कुमार राईज्यू,
यस समारोहका प्रमुख अतिथि प्रा.डा. भगवान कोइरालाज्यू,
गण्डकी प्रदेश प्रमुखज्यू
गण्डकी प्रदेशका मुख्यमन्त्रीज्यू,
विश्वविद्यालय अनुदान आयोगका अध्यक्षज्यू,
विभिन्न विश्वविद्यालयका उपकुलपतिज्यूहरू,
पोखरा विश्वविद्यालयका रजिष्ट्रारज्यू,
पोखरा विश्वविद्यालयका प्राज्ञिक परिषद्का विद्वान प्राज्ञज्यूहरू,
पोखरा महानगरपालिकाका प्रमुख तथा उप-प्रमुखज्यू,
पोखरा विश्वविद्यालयका माननीय विद्वान सभासद्ज्यूहरू,
पोखरा विश्वविद्यालय विभिन्न सङ्कायका डीनज्यूहरू,
पोखरा विश्वविद्यलयका परीक्षा नियन्त्रकज्यू,
पोखरा विश्वविद्यालयका पूर्व पदाधिकारी तथा पूर्व सभासद्ज्यूहरू,
पोखरा विश्वविद्यालयका विभिन्न निकायका कार्यकारी निर्देशक तथा स्कूल निर्देशकहरू,
पोखरा विश्वविद्यालयका सम्बन्धनप्राप्त महाविद्यालयका प्राचार्यज्यूहरू,
विशिष्ट अतिथिज्यूहरू,
पोखरा विश्वविद्यालय स्थापनाका लागि अनवरत क्रियाशील महानुभावहरू,
अभिभावकज्यूहरू,
संघ-संस्थाका प्रमुखज्यूहरू,
विभिन्न राजनीतिक दलका नेताज्यूहरू,
नागरिक समाजका महानुभावहरू,
पत्रकार मित्रहरू,
विश्वविद्यालयका शिक्षक एवम् कर्मचारी मित्रहरू,
सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू ।

पोखरा विश्वविद्यालयको उन्नाइसौँ दीक्षान्त समारोहको यो विशेष

कार्यक्रममा विश्वविद्यालय परिवारका तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । आजको यो गरिमामय समारोहमा आफ्नो महत्वपूर्ण र मूल्यवान समय दिनुहुने माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईज्यूलाई हार्दिक स्वागतका साथै धन्यवाद दिन चाहन्छु ।

यसको साथै पोखरा विश्वविद्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रममा सफलतापूर्वक तह पार गरी सीप र दक्षताले भरिपूर्ण जनशक्तिको पहिचानको रूपमा गाउन र स्कार्फमा सजिएर आजको यस गरिमामय समारोहमा उपस्थित भई दीक्षित हुन लाग्नु भएका सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूलाई हार्दिक बधाई एवम् उज्ज्वल भविश्यको शुभकामना दिन चाहन्छु ।

**दीक्षित हुनुहुने विद्यार्थी भाइबहिनीहरू,**

आजको यो दीक्षान्त समारोहलाई नेपालका बरिष्ठ मुटु शल्य चिकित्सक तथा सामाजिक अभियन्ता प्राध्यापक डाक्टर भगवान कोइरालाले प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै हुनुहुन्छ । वि.सं. २०१७ श्रावण ९ गते नेपालको पाल्पा जिल्लामा जन्मनु भएका डा. कोइरालालाई नेपालमा ओपन हर्ट सर्जरीको थालनी गर्ने प्रमुख व्यक्तित्वको रूपमा चिनिन्छ । उहाँले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र फर ओपन हार्ट सर्जरीमा नेपाल शल्यचिकित्सकहरूको टोलीको नेतृत्व गर्नुभएको थियो । उहाँले सन् १९९४ मा ढाका विश्वविद्यालयको नेशनल इन्स्टिच्यूट अफ कार्डियोभास्कुलर डिजिजबाट कार्डियोथोरासिक र शल्यक्रियामा स्नातकोत्तर गर्नुभएको छ । साथै डा. कोइरालाले सिक चिल्ड्रेन हस्पिटल, टोरन्टो विश्वविद्यालय, क्यानडा द हस्पिटल फर सिक चिल्ड्रेन अफ टोरन्टोबाट सन् २००० मा पेडियाट्रिक कार्डियक सर्जरीमा फेलोशिप पूरा गर्नुभएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट औपचारिक सेवा थालनी गर्नुभएका डा. कोइराला सन् १९९७ मा त्रिभुवन विश्वविद्यालय

शिक्षण अस्पतालमा ओपन हार्ट सर्जरी कार्यक्रम सुरू गर्ने टोलीमा सामेल हुनुभएको थियो । उहाँले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको कार्यकारी निर्देशकका साथै मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा कार्यवाहक कार्यकारी निर्देशक एवम् त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको कार्यकारी निर्देशकको रूपमा पनि काम गर्नुभयो उहाँ सार्वजनिक अस्पतालको कुशल व्यवस्थापक पनि मानिनु हुन्छ । बालबालिका र वृद्धबृद्धाको मुटुको शल्यक्रिया निःशुल्क गरी महँगो मुटुको शल्यक्रियालाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन उहाँको महत्वपूर्ण योगदान रहेको छ । स्वास्थ्यसँग सम्बन्धित दर्जनौं संघ संस्थामा आबद्ध रहनु भएका डा. कोइराला हाल नेपाल मेडिकल काउन्सिलका अध्यक्ष हुनुहुन्छ ।

उहाँ विभिन्न सामाजिक, चिकित्सा, वैज्ञानिक तथा परोपकारी संस्थामा सदस्य एवम् अध्यक्षको रूपमा आबद्ध हुनुहुन्छ । नेपाल सरकारबाट सन् २०१९ मा सुकीर्तिमय राष्ट्रदीप चौथो, सन् २०१२ मा सुप्रबल जनसेवाश्री तेस्रो, सन् २००१ मा गोरखा दक्षिण बाहु चौथो, सन् १९९६ मा त्रि.वि. शिक्षण अस्पतालमा उत्कृष्ट डाक्टर अवार्ड, एक्सेलेन्स एचिभर्स अवार्ड, युवा एसिया, २०१२ आदि थुप्रै उत्कृष्ट सेवा र नेतृत्वको लागि धेरै प्रशंसाले उहाँलाई सम्मानित गरिएको छ । उहाँ नेपाली लगायत अङ्ग्रेजी, रूसी, हिन्दी र बंगाली भाषाहरूमा दक्ष हुनुहुन्छ ।

नेपालका एक वरिष्ठ सर्जन र सक्षम प्रशासकको छवि बनाउन सफल डा. कोइराला निकै सक्रिय, जुझारू र आँटिलो व्यक्तित्वको रूपमा चिनिनुहुन्छ । के बालक, के बृद्ध सबैमा हजारौं संख्यामा मानव मुटु चिरफार गरी जीवनलाई पुनःजीवन दिन अनुकरणीय र अतुलनीय विशिष्ट योगदान गर्नुहुने डा. कोइरालालाई पोखरा विश्वविद्यालयको उन्नाइसौं दीक्षान्त समारोहमा आमन्त्रित गर्न पाउँदा हामी अत्यन्त प्रफुल्लित र गौरवान्वित भएका छौं । उहाँको निष्ठा, योगदान र अग्रसरता हामी सबैको लागि मार्ग दर्शन र प्रेरणा

रहनेमा हामी आशावादी छौं । आजको यो गरिमामय समारोहमा वहाँलाई हार्दिक स्वागत गर्दछु ।

पोखरा विश्वविद्यालय स्थापना भएको २७ वर्ष भएको छ । यस अवधिमा पोखरा विश्वविद्यालयको स्थापना, विकास र सम्बर्धनमा निरन्तर जुट्ने, सद्भाव राख्ने, चिन्तन र सहयोग गर्नुहुने सम्पूर्ण पेशा, क्षेत्र, तह र तप्कासँग आबद्ध महानुभावलाई आजको यस पावन घडिमा स्मरण र स्वागत गर्दै हार्दिक धन्यवाद् दिन चाहन्छु । यसका साथै विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक एवम् भौतिक निर्माणमा निरन्तर सहयोग गर्ने नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र दातृराष्ट्र तथा दातृ निकायलाई पनि आजको यस पवित्र दिनमा स्मरण गर्दै हार्दिक धन्यवाद् दिन चाहन्छु ।
विश्वविद्यालयले उत्पादन गरेका सीपयुक्त जनशक्ति राष्ट्रको पुनःसंरचना, पुनर्निर्माण र विकासका लागि महत्वपूर्ण स्रोत हुन् । विश्वविद्यालयबाट ज्ञान आर्जन गरी आफ्नो सुनौलो भविष्यसहित समाज र राष्ट्रको लागि समेत दक्ष र सक्षम हुँदै स्वदेश तथा विदेशमा पोखरा विश्वविद्यालयको उत्कृष्ट छवि बनाउन सफल विद्यार्थी भाइबहिनीहरूलाई पनि आजको यो गरिमामय समारोहमा स्मरण गर्दै हार्दिक धन्यवाद् दिन चाहन्छु ।

**दीक्षित हुनुहुने विद्यार्थी भाइबहिनीहरू,**

पोखरा विश्वविद्यालय मुलुकको एउटा महत्वपूर्ण शैक्षिक धरोहर हो । उन्नाइसौँ दीक्षान्तसम्म आईपुग्दा यसले विभिन्न तह र विधामा हजारौँ बिद्यार्थीहरूलाई दीक्षित गरी कर्म क्षेत्रमा पठाएको छ। त्यसैले यो एउटा विशिष्ट पहिचान र गौरव दिँदै आएको विश्वविद्यालय हो । यसले मुलुकभरी आफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ र यसले दिने उच्चशिक्षा न्यून आर्थिक अवस्था भएका विपन्न वर्गको पहुँचसम्म सजिलै पुग्न सकोस् भन्ने हेतुले विश्वविद्यालयले विभिन्न कार्यक्रम विस्तार गर्दै छ । पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म र उत्तर हिमालदेखि दक्षिण तराईसम्मका

विभिन्न क्षेत्रमा विश्वविद्यालयले कार्यक्रम विस्तार गर्नुपर्छ भन्ने मान्यतामा विश्वविद्यालय छ । तसर्थ पोखरा विश्वविद्यालयलाई मुलुकभित्रै चारकिल्ला सिमाना तोक्नु उचित नहुने भन्दै हामीले दृढ तर्क प्रस्तुत गर्दै आएको समेत यस गरिमामय समारोहमा सबैलाई जानकारी गराउनु मैले आफ्नो कर्तव्य ठानेको छु ।

पोखरा विश्वविद्यालय हामी सबैको साझा सम्पत्ति हो । यसले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू समय सान्दर्भिक, गतिशिल र बहुआयामिक छन् । यसले सञ्चालन गरेका कार्यक्रम व्यावहारिक छन्, उत्पादनमुखी र रोजगारीमुखी छन् । पोखरा विश्वविद्यालयमा मुलुकको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने सीपयुक्त दक्ष जनशक्तिको आपूर्तिलाई यसले सहज तुल्याइदिएको छ । उच्चशिक्षा हासिल गरेका विद्यार्थीहरू स्वदेश तथा विदेशमा जुनसुकै क्षेत्रका लागि पनि लायक छन् । आजको यस पावन अवसरमा विविध विधामा उत्कृष्ट नतिजा ल्याई तहपार गर्नुहुने तपाईं विद्यार्थी भाइबहिनीहरूको अगाडि छाति चौडा पारी शिर उचो पारी सम्बोधन गर्न पाउँदा मलाई निकै गर्वको अनुभूति भएको छ ।

विश्वविद्यालयले आर्थिक एवम् सामाजिक रुपले पिछडिएका वर्ग र क्षेत्रका विद्यार्थीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराई वर्षेनी ठूलो सङ्ख्यामा छात्रवृत्ति प्रदान गर्दै आएको छ । यो वर्ष विश्वविद्यालयबाट १,२५७ जना विद्यार्थीले छात्रवृत्तिको अवसर प्राप्त गरेका छन् । पोखरा विश्वविद्यालयले दिँदै आएको छात्रवृत्ति अन्य शैक्षिक संस्थाले दिने गरेको भन्दा विशिष्ट, पृथक र अनुकरणीय छ । मुलुकको शैक्षिक उन्नयनमा पोखरा विश्वविद्यालयले गरेको योगदानले सरकारले लिएको उच्चशिक्षासम्बन्धी नीति र अवधारणालाई एक महत्वपूर्ण टेवा मिलेको हामीले महसूस गरेका छौं ।

पोखरा विश्वविद्यालय शिक्षण अस्पताल मिति २०७९ भदौ २२ गतेदेखि सञ्चालन भइरहेको छ । प्रसुति तथा स्त्रीरोग, हाडजोर्नी तथा नशारोगसम्बन्धी बहिरङ्ग सेवा प्रदान हुँदै आएको र यसको प्रयोगशालामा ५० भन्दा बढी प्रकारका परीक्षण हुँदै आएको छ। हाल १०० शैयामा स्थापित पोखरा विश्वविद्यालय शिक्षण अस्पतालले २०० भन्दा बढी प्रकारका औषधिहरूको भण्डारन, सम्पूर्ण एक्स-रे सेवाका साथै आकस्मिक सेवा प्रदान गर्दै आएको छ । दन्त सेवा पनि निकट भविष्यमा सञ्चालन गर्ने तयारी भइरहेको छ । विश्वविद्यालयमा सञ्चालित प्यारामेडिकल कोर्षहरूको सञ्चालन एवम् गण्डकी प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्ने तथा वैज्ञानिक स्वास्थ्य अनुसन्धान गर्ने कार्यमा यो अस्पताल उत्कृष्टताको केन्द्रको रूपमा विकसित हुने विश्वास लिएको छौं । अस्पताल सञ्चालनले विश्वविद्यालयको प्रतिष्ठा र छविलाई अझै उँचो राख्न मद्दत पुग्नुका साथै विद्यार्थीहरू एवम् सर्वसाधरणलाई ठूलो राहत मिल्ने अपेक्षा समेत हामीले लिएका छौं ।

पोखरा विश्वविद्यालयका ६५ वटा महाविद्यालयहरूमा विभिन्न प्राविधिक एवम् साधारण विषयमा स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधितहमा पठन पाठन हुँदै आएको छ। हाल विश्वविद्यालयमा कुल ६४ वटा कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यी कार्यक्रमा हाल कुल ३५,२४० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी गराउँदछु ।

आज भइरहेको उन्नाइसौं दीक्षान्त समारोहमा २०८० साल माघ महिनाको १६ गतेसम्म ट्रान्स्क्रिप्ट लिएका विभिन्न शैक्षिक कार्यक्रमका तहपार गरेका ७,६५१ जना विद्यार्थीहरु दिक्षित हुन लागेको कुरा समेत जानकारी गराउन चाहन्छु ।
पोखरा विश्वविद्यालयले यस वर्ष विद्यावारिधितहमा व्यवस्थापन सङ्कायतर्फ २ जना विद्यार्थीलाई स्वर्णाङ्कित कुलपति पदक प्रदान गर्नेछ । यसका साथै स्नातकतहका विभिन्न कार्यक्रममा

सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने २ जना विद्यार्थीलाई स्वर्णाङ्कित उप-कुलपति पदक र स्नातकोत्तरतहका विभिन्न कार्यक्रममा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने १३ जना विद्यार्थीहरुलाई स्वर्णाङ्कित कुलपति पदक प्रदान गर्दैछ । विभिन्न विधाका ६४९ जना विद्यार्थीहरु डीन लिष्टको उपाधिबाट सम्मानित हुँदैछन् । ती पदकहरु प्राप्त गर्ने र उपाधिबाट सम्मानित हुने विद्यार्थीहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

पोखरा विश्वविद्यालयको व्यवस्थापन सङ्कायको स्नातकोत्तर तहमा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने एक जना विद्यार्थीलाई प्रोत्साहन र सम्मान स्वरुप लक्ष्मी स्वर्ण विद्या पदक-२०८० र विज्ञान तथा प्रविधि संकायको स्नातक तहमा बिसिए कार्यक्रममा सर्वोत्कृष्ट नतीजा हासिल गर्ने एक जना विद्यार्थीलाई प्रोत्साहन र सम्मान स्वरुप *OCEM Gold Medal-2080* प्रदान गरिनेछ । विद्यार्थीहरूलाई पठनपाठनमा दतचित्त भई लाग्न उत्प्रेरित गर्दै उनीहरूको हौसला र आत्मवल उकास्ने ध्येयले गरिएको यस किसिमका व्यवस्थाका लागि लक्ष्मी हाउस पोखरा, अक्सफोर्ड कलेज अफ इन्जिनियरीङ्ग एण्ड म्यानेजमेन्ट, पूर्वी नवलपरासीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथसाथै यी सम्मान, पदक पाउने विद्यार्थीलाई यस अवसरमा बधाई दिन चाहन्छु ।

**आज उपाधि प्राप्त गर्नु हुने विद्यार्थी भाइबहिनीहरु,**

शिक्षाले मानिसलाई चेतना दिन्छ । चेतनाले चीजहरूलाई वास्तविक रूपमा बुझ्न, हेर्न वा अनुभव गर्न सक्षम तुल्याउँछ । यसर्थ शिक्षा विनाको मानव पशु तुल्य हुन्छ भन्ने उक्ति आएको हो । मानवलाई मानव बनाउने साधन नै शिक्षा हो र यो बिनाको जीवन अधुरो छ । शिक्षाले सभ्य समाजको निर्माण गरी देशलाई विकास र प्रगतितर्फ उन्मुख गराउँछ । यसर्थ शिक्षित दक्ष जनशक्तिको अभावमा देशले लक्षित प्रगति हासिल गर्न सक्दैन । शिक्षित जनशक्ति नै परिवर्तनका संवाहक हुन् । तसर्थ तपाई विद्यार्थी भाइ बहिनीहरूले

उच्चशिक्षाको माध्यमले सैद्धान्तिक ज्ञान हासिल गर्नु भएको छ र यसलाई अब कर्मक्षेत्रमा गई व्यवहारमा उतार्नु छ । किनभने तपाईहरू यो राष्ट्रका गहना, अमूल्य रत्न र सम्पत्ति हो । यसर्थ कर्तव्यपरायण र इमान्दारिताका साथ आफ्नो कर्तव्यपथमा निर्वाध र स्वत-स्फूर्त रूपमा आफूले आर्जन गरेको सीप र दक्षतालाई प्रयोग गर्ने वाचासहित तपाईले आज शपथ लिनुपर्छ भन्ने मैले ठानेको छु ।

समय एकपटक गुमिसकेपछि फर्केर कहिल्यै आउँदैन् । गाउन, स्कार्फ र टोपीमा सजिनु भएका तपाई विद्यार्थीहरूको यो समय जीवनको विशिष्ट र अविष्मरणीय क्षण हो । मुलुकप्रति इमान्दार अविचलित भई दत्तचित्त भएर आफ्नो कर्तव्य पुरा गर्नेछु भनेर तपाइहरुले आज सपथ लिंदै हुनुहुन्छ । आजको यस शुभ घडीमा तपाईंहरूलाई तपाईंहरूले आर्जित ज्ञान र सीप देशको चौतर्फी विकास, आफ्नो सुन्दर र फलिभूत भविष्य निर्माण गर्ने काममा सदुपयोग गर्न सफलता मिलोस् भन्ने शुभ-कामना सहित हार्दिकतापूर्वक बधाई दिन चाहन्छु ।

अन्त्यमा, आज दीक्षित हुनुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरु र उहाँहरूका अभिभावकज्यूहरूलाई उन्नाइसौं दीक्षान्त समारोहको पुनित अवसरमा पुनः हार्दिक बधाई दिंदै यस गरिमामय समारोहमा उपस्थित हुनुहुने माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू, प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू, प्रमुख अतिथिज्यू, गण्डकी विश्वविद्यालयका कुलपति एवम् उपकुलपतिज्यू लगायत अभिभावकज्यूहरू, अन्य विशिष्ट अतिथि पत्रकार र सम्पूर्ण महानुभावहरूलाई पोखरा विश्वविद्यालय परिवार र स्वयम्का तर्फबाट फेरि एक पटक हार्दिक स्वागत तथा धन्यवाद् ज्ञापन गर्दछु ।
धन्यवाद् ।

२०८० फागुन ८ गते मङ्गलबार ।